८

आज मिति २०७५ साल चैत्र महिनाको १६ गते शनिबार बिहान ७:०० बजे यस बारेकोट गाउँपालिका गाउँकार्यपालिकाको २३ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्धारिका प्रसाद बुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सचिव गाउँ कार्यपालिका | |

**बैठक व्यवस्थापनमा सहभागी कर्मचारीहरु**

| | |
|---|---|
| १. राज बहादुर सिंह | लेखापाल |
| २. विन बहादुर शाह | लेखा तथा प्रशासन सहायक. |
| ३. नन्दलाल रोकाया | का.स. |

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

श्री बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

## प्रस्ताव तथा निर्णयहरुको विस्तृतीकरण यस प्रकार छ ।

**प्रस्ताव नं. १ भेरी ज्ञानोदय क्याम्पसमा स्नातकोत्तर तहको पठनपाठन संचालनका लागि सहयोग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १**: यस जिल्लाको सदरमुकाम खलँगा स्थित जिल्लाकै सबैभन्दा पुरानो र अग्रणी शैक्षिक संस्था श्री भेरी ज्ञानोदय क्याम्पसले निकट भविश्यमा स्नातकोत्तर तहको पठनपाठन शुरु गर्ने भनी यस गाउँपालिकालाई आर्थिक सहयोगका लागि पटक पटक अनुरोध गरेको छ । सो सम्बन्धमा उक्त क्याम्पसले स्नातकोत्तर तहको पठनपाठन संचालन गर्नका लागि हाल सम्म गरेका प्रयास र प्रकृयाहरुको बारेमा जानकारी लिई सहयोग गर्न सान्दर्भिक देखिएमा उक्त क्याम्पसलाई प्रस्ताव पेश गर्न भनी पेश भएको प्रस्ताव उपर पुन : यस कार्यपालिकामा व्यापक रुपमा छलफल गरी प्रस्ताव नं. १ माथि व्यापक रुपमा छलफल गरी आवश्यक सयहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ : कृषि समूह छनौट गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २** : यस गाउँपालिकाको कृषि विकास शाखाको वार्षिक कार्यक्रम अन्तर्गत सहकारी तथा साना सिचाई कार्यक्रम गर्नका लागि रु ५ लाख १० हजार प्राप्त भएको हुँदा उक्त रकमबाट बारेकोट गाउँपालिका भित्रका कुनै ३ वटा कृषक समूह छनौट गरी कार्यक्रम संचालन गर्नु पर्ने भएकोले देहाय बमोजिमका कृषक समूह छनौट गर्ने निर्णय गरियो । साथै कृषि विकास शाखाको खर्च हुन नसकी बाँकी रहेको रु. २,६५,०००।००(अक्षेरुपी रु.दुई लाख पैसट्टी हजार मात्र ।) को टिमुरका विरुवा खरिद गरी सम्पूर्ण वडाहरुलाई समानुपातिक रुपमा वितरण गर्ने ।

क) गैराबारी तरकारी खेती कृषक समूह रावत जिरी, वडा नं. ४

ख) सगरमाथा तरकारी तथा फलफूल खेती कृषक समूह वडा नं. ५

ग) लेकवेशी खाद्यान्न बाली कृषक समूह वडा नं. ८

**प्रस्ताव नं.३ : पशु स्वास्थ्य शाखामा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ माथिको व्यापक छलफलबाट देहायका निर्णयहरु गरियो ।

३(क) यस गाउँपालिकाको पशुपन्छी विकास शाखाको प्रस्ताव अनुसार मिति २०७५।१०।०२ देखि लागु हुने गरी ४ महिनाको लागि प्रत्येक वडाहरुमा पशु प्राविधिक खरिदार सरहको १ जना प्राविधिक खटाईएको तर निजहरुको यही २०७६ साल बैशाख मसान्तमा म्याद समाप्त हुदैछ । निजहरुलाई वडाका सम्पूर्ण वस्तीहरुमा गई पशुपन्छीहरुलाई खोप लगाउने तथा पशुपन्छीहरुको तथ्याङ्क संकलन गर्ने कार्यमा खटाईएकोमा उक्त कार्य उक्त मितिमा सम्पन्न हुने नदेखिएकोले यही २०७६ साल आषाढ मसान्त सम्म म्याद थप गरी काममा लगाईराख्नु पर्ने भएको हुँदा पशुपन्छी विकास शाखाको प्रस्ताव बमोजिम हाल काम गर्दै आईरहेका प्राविधिकहरुको सेवा करारलाई निरन्तरता दिने ।

३(ख) सेवा करारलाई निरन्तरता दिन पुन : सबै वडामा कार्यरत प्राविधिकहरुबाट मिति २०७६।०१।२५ गते सम्म निवदेन संकलन गर्न लगाउने यदि उक्त म्याद भित्र निवदेन पर्न नआएमा त्यस्ता कर्मचारीको सेवा करारलाई भङ्ग गर्ने ।

३(ग) निजहरुको तलब भत्ताको व्यवस्था बैशाख मसान्त सम्मका लागि मात्र भएकोमा चालु खर्चबाट खर्च हुन नसकी बाँकी रहेको खर्च शिर्षकबाट रकमान्तर गरी व्यवस्थापन गर्नका लागि आगामी बैठकहरुबाट आवश्यक निर्णय लिने ।

**प्रस्ताव नं.४ : शिक्षा तर्फका कार्यक्रम संचालन गर्न विद्यालय छनौट सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस गाउँपालिकाको वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिम सशर्त तर्फको विद्यालयहरुलाई प्रदान गरिने विभिन्न शिर्षकहरुमा प्राप्त अनुदान वितरण गर्नका लागि देहाय बमोजिमका विद्यालयहरुलाई छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | कार्यक्रम | बजेट(रु.हजारमा) |
|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि.सिलिङ्गे चौर बारेकोट ५ | ई-पुस्तकालय सहितको पुस्तकालय व्यवस्थापन | ६५० |
| २ | श्री दिपेन्द्र मा.वि.मुल्साम, बारेकोट ३ | माध्यमिक तहमा कम्प्युटर कक्षा संचालन | ६५० |
| ३ | श्री विरेन्द्र ऐश्वर्य मा.वि.लिम्सा, बारेकोट २ | विज्ञान प्रयोगशाला संचालन तथा व्यवस्थापन | ६५० |

**प्रस्ताव नं.५ : आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस गाउँपालिकाको वडा नं. ८ की पार्वती सिहं लामो समय देखि कडा रोगबाट ग्रसीत भईरहेकोले विगत ४ वर्षदेखि निजको उपचार चलिरहँदा हाल सम्म लाखौ रकम खर्च भई परिवारको दयनीय अवस्था आईपरेकोले निजलाई रु. २,००,०००।००(अक्षेरुपी दुई लाख मात्र ।) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : अयारी खोला लघु जलविद्युत योजनाको छानबिन गर्न उच्च स्तरीय छानबिन समिति गठन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६ :** विगत वर्ष देखि संचालित वडा नं. ४ स्थित अयारी खोला लघु जलविद्युत योजनाको गत वर्षको कार्य प्रगति र उक्त कार्यको भुक्तानी साथै यस वर्षको कार्य र कार्यालयबाट गर्नु पर्ने भुक्तानीका सम्बन्धमा छानबिन गरी आवश्यक प्रकृया अगाडी बढाई उपभोक्ता समितिलाई अन्तिम भुक्तानी गर्ने प्रयोजनका लागि यस गाउँपालिकाका श्रीमान अध्यक्ष ज्यूको संयोजकत्वमा छानबिन समिति गठन गर्ने निर्णय गरियो । अन्य सदस्यहरुमा वडा अध्यक्षहरु शशीराम गौतम वडा नं. ९ र बसन्त शाही वडा नं. ७ लाई उक्त समितिमा नियुक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : अपाङ्ग परिचय पत्र वितरणका लागि स्थानीय समन्वय समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ७ :** अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग परिचय पत्र वितरण गर्ने प्रयोजनका लागि यस गाउँपालिकाबाट यस अघि नै अपाङ्ग परिचय पत्र वितरण सम्बन्धी कार्यविधि पारित समेत भईसकेको छ । उक्त कार्यविधिको परिच्छेद ३ को दफा ३ बमोजिम एक स्थानीय समन्वय समिति गठन गर्नु पर्ने प्रावधान भएकोले तपसिलका पदाधिकारी रहेको ९ सदस्यीय एक स्थानीय समन्वय समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

क) ओमा शाही संयोजक

ख) श्रृजना बस्नेत सदस्य

ग) गोरख ब.सिहं सदस्य

घ) नवीन शाहनी सदस्य

ङ) हेरम्ब पाण्डे सदस्य

च). यम ब.बस्नेत सदस्य

छ)

ज) श्रम ब.सिहं सदस्य

झ) रुद्र बहादुर पछाईं सदस्य सचिव

**प्रस्ताव नं. ८ : जलश्रोत समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ७** :बारेकोट गाउँपालिका भित्रका मुहान तथा अन्य जलश्रोत सम्बन्धीका विषयमा आवश्यक निर्णय लिनका लागि बारेकोट गाउँपालिकाको जलश्रोत सम्बन्धी निर्देशीकाको अधिनमा रही देहाय बमोजिमको ६ सदस्यीय जलश्रोत समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) महेन्द्र ब.शाह | अध्यक्ष |
| ख) श्रृजना बस्नेत | सदस्य |
| ग) प्रेम प्रकाश खत्री | सदस्य |
| घ)डम्मर बहादुर क्षेत्री | सदस्य |
| ङ)रुद्र बहादुर पछाई | सदस्य सचिव |

**प्रस्ताव नं. ९ : शिक्षण सिकाई अनुदान तथा शिक्षा विविध सम्बन्धमा ।**

**निर्णय नं. ९ :प्रस्ताव नं. ९ को व्यापक छलफलबाट देहायका निर्णयहरु गरियो ।**

९(क) विद्यार्थी संख्या र शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दी कम भई पठनपाठनमा अवरोध भएका यस गाउँपालिका भित्रका विद्यालयहरुका लागि दिईने अनुदानलाई वस्तुनिष्ठ, वैज्ञानिक, पारदर्शी कायम गरी शैक्षिक गुणस्तरमा अभिवृद्धि होस् भन्ने अभिप्रायले नि.मा.वि. र मा.वि. तहमा गणित, विज्ञान र अग्रंजी विषयका लागि मात्र अनुदान प्रदान गर्ने ।

९(ख) धेरै जसो प्राथमिक विद्यालयमा गाउँपालिकाबाट प्राप्त शिक्षण सिकाई अनुदानमा नियुक्त भएका सोही तहका शिक्षकहरुले गणित, विज्ञान र अँग्रेजी विषय अध्यापन गर्न नसकेको पाईएकोले अव उपरान्त त्यस्ता शिक्षकलाई अवकाश दिई प्राथमिक तहका सम्पूर्ण विषयहरु अध्यापन गर्न सक्ने शिक्षकलाई नियुक्त गर्ने गरी प्रकृया अगाडी बढाउने ।

९(ग) शिक्षा समन्वय ईकाईबाट शिक्षण सिकाई अनुदान कोटा अर्थात दरबन्दी प्राप्त भईसकेपछि क्रमिक रुपमा गाउंपालिकाबाट प्रदान गरिएको अनुदान घटाउँदै लैजाने । तसर्थ यस गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाबाट प्रस्तावित शिक्षण सिकाई अनुदान वितरणका लागि तयार गरिएको मापदण्ड अनुरुप तपशिल बमोजिमको अन्तिम अनुदान कोटा शैक्षिक सत्र २०७६ का लागि स्वीकृत गरी सोही अनुरुप गर्न गराउन निर्देश गर्ने ।

९(घ) नेपाल सरकारको नीति अनुरुप हरेक तहमा क्रमशः अँग्रेजी, गणित र विज्ञान विषयको दरबन्दी पूर्ति भए पश्चात मात्र अन्य विषयको दरबन्दीमा शिक्षक नियुक्त गर्ने ।

९(ङ) गत वर्ष समन्वय ईकाईबाट शिक्षण सिकाई अनुदान कोटा प्राप्त भएका विद्यालयलाई यस पटक यस गाउँपालिकाबाट दिईने शिक्षण सिकाई अनुदान कटौती गरी गाउँपालिकाको दायित्व क्रमशः कम गर्दै जाने । आगामी वर्षहरुमा समेत समन्वय ईकाईबाट अनुदान प्राप्त भएमा गाउँपालिकाबाट प्रदान गरिने अनुदान कटौती गर्ने ।

९(च) यस गाउँपालिकाबाट गत वर्ष प्रदान गरिएको तर यस वर्ष कटौतीमा परेको शिक्षण सिकाई अनुदानमा शिक्षण गरेका शिक्षकहरुको नियुक्तिको अवधि २०७५ चैत्र मसान्त सम्म मात्र भएकोले यस गाउँ कार्यपालिकाको कार्यालयबाट सम्बन्धित विद्यालयलाई समयमै पत्राचार गरी त्यस्ता शिक्षकलाई अवकाश दिन निर्देशन गर्ने ।

९(छ) यस गाउँपालिका भित्रका सबै विद्यालयहरुमा हुने जुन सुकै प्रकारका शिक्षकहरुको नियुक्ति अब उपरान्त प्रचलित विधि अनुरुप खुला प्रतिस्पर्धा मार्फत नियुक्ति गर्ने ।

९(ज) प्रचलित नेपाल सरकारले तोकेको मापदण्ड विपरित कुनै पनि विद्यालयलाई नयाँ तह थप तथा कक्षा थप गर्नका लागि सिफारिस तथा अनुमति नदिने ।

**प्रस्ताव नं. १० : स्वास्थ्य केन्द्र नभएका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा ।**

**निर्णय नं. १०** :प्रस्ताव नं. १० माथिको व्यापक छलफलबाट देहायका निर्णयहरु गरियो ।

१०(क) नेपाल सरकार, स्वास्थ्य मन्त्रालयबाट सशर्त अनुदान स्वरुप प्राप्त बजेट तथा कार्यक्रम अनुसार यस आ.व. २०७५।७६ मा यस गाउँपालिका भित्रका स्वास्थ्य केन्द्र नभएका ५ वटा वडाहरुमा भवन बनाउनका लागि आवश्यक बजेटको व्यवस्था गरेको हुनाले उक्त स्वास्थ्य संस्थाहरुको केन्द्र देहाय बमाजिम तोक्ने ।

| क्र.सं. | वडा नं. | केन्द्र |
|---|---|---|
| | वडा नं. ३ | पहाडा मुल्साम |
| | वडा नं. ४ | वडा कार्यालय नजिक(मौरी भिर) |
| | वडा नं. ६ | वडा कार्यालय नजिक |
| | वडा नं. ७ | वडा कार्यालय नजिक |
| | वडा नं. ९ | वडा कार्यालय नजिक |

१०(ख) माथि उल्लिखित वडाहरुमा स्वास्थ्य संस्था स्थापनाको लागि कम्तीमा १ रोपनी जग्गा आवश्यक पर्ने भएकोले यही २०७६ साल आषाढ महिनाको १५ गते भित्र गाउँपालिकाको नाममा जग्गा उपलब्ध गराउनका लागि सार्वजनिक सूचना आह्वान गर्ने । जग्गा उपलब्ध गराउने व्यक्ति वा समूहले अनिवार्य रुपमा लिखित निवेदन सहित सम्बन्धित वडा कार्यालय अथवा गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्ने भनी सम्बन्धित वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

१०(ग) यदि सार्वजनिक सूचना आह्वान गर्दा समेत जग्गा उपलब्ध हुन नसकेमा उक्त वडाको स्वास्थ्य संस्थाको भवन अन्य आवश्यक पर्ने स्थान वा वडामा स्थापना गर्नका लागि कार्यपालिकाको अर्को बैठकबाट निर्णय गर्ने ।

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल

रुद्र बहादुर पछाई प्रमुख प्रशासकीय अधिकृत